मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## श्रीमान्को खोजी तथा उद्दारको लागि अपिल

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भोटेकोशी नदीको बाढीमा बेपत्ता भएका जनकपुरका अजय प्रसाद सिंहकी श्रीमती पूजा साहले आफ्नो श्रीमानको खोजी तथा उद्धारका लागि सरकारसँग तत्काल पहल गरिदिन अपिल गरेकी छन्।
रसुवा– त्रिशुली अपर अन्तर्गत मैलुङ बजार क्याम्प साइटको तल्लो भेगमा स्थलगत खोज तथा उद्धार टोली पठाइदिन आफूहरूले पटक–पटक सरकारसंग आग्रह गर्दै आए पनि १७ दिन बितिसक्दा समेत सुनुवाइ नभएको उनको गुनासो छ।
शनिवाबर सामाजिक सञ्जाल फेसबुकमार्फत भावुक अपिल गर्दै पूजाले पहु‘‘च नभएका पीडितको पीडा कसले सुनिदिने भन्दै सरकारसमक्ष प्रश्न गरेकी छन्।

● वर्ष ४ ● अंक २७८ ● २०८३ साल भाद्र २८ गते आइतबार ● Sunday 13, September 2026 ● सूर्योदयः बिहान ०५:४७ बजे ● सूर्यास्तः साँझ ०६:११ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

### अग्रगामी मोर्चाको मधेश भेलाः

# सत्ता स्वार्थको गल्ती स्वीकार

## एउटै चुनाव चिह्नको तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नौदलीय अग्रगामी मोर्चाले मधेश प्रदेशमा संगठन विस्तार र आगामी राजनीतिक संघर्षको तयारीलाई तीव्रता दिने घोषणा गरेको छ । जनकपुरधाममा शनिबार आयोजित बृहत् कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा मोर्चामा आबद्ध दलका शीर्ष नेताहरूले वर्तमान राजनीतिक व्यवस्था, मधेशी समुदायका अधिकार, संघीयता, सुशासन तथा आगामी निर्वाचनबारे धारणा राखेका हुन् । मोर्चामा आबद्ध जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी र खुम्बुवान राष्ट्रिय मोर्चा नेपालका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो।
कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा सत्ता स्वार्थका लागि नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्नु आफूहरूको ठूलो गल्ती भएको स्वीकार गरे । उनले कम्युनिस्ट पार्टीहरू सिद्धान्तबाट च्युत भई ‘कामाउनिस्ट’ बनेको आरोप लगाउँदै देशको वर्तमान दुर्दशाका लागि एमाले सबैभन्दा ठूलो दोषी रहेको दाबी गरे।
मधेशी समुदायको आफ्नै शासन, प्रशासन, भाषा र संस्कृति स्थापित हुन नसकेको उल्लेख गर्दै यादवले कांग्रेस र कम्युनिस्टले दिन नसकेको अधिकार अब अग्रगामी मोर्चाले ल्याउने बताए । प्रदेश बने पनि मधेशी जनताको अधिकार सुनिश्चित हुन नसकेको भन्दै उनले संघीयतालाई थप अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिए।
वर्तमान सरकारलाई ‘कठपुतली सरकार’को संज्ञा दिँदै यादवले भन्सार, शिक्षा, स्वास्थ्यदेखि जन्मदेखि मृत्युसम्म कर थोपर्ने सरकार जनतालाई नचाहिएको बताए । संसदमा मधेशी अनुहारहरू भए पनि मधेशीका हकअधिकारका लागि आवाज उठ्न नसकेको भन्दै उनले सडक आन्दोलनबाहेक अर्को विकल्प नरहेको बताए।
कांग्रेस र कम्युनिस्टले जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको मुद्दा उठाउन नसकेको आरोप लगाउँदै यादवले वास्तविक लोकतन्त्रका लागि समानुपातिक प्रतिनिधित्व आवश्यक रहेको बताए । प्रधानमन्त्रीले संघीयता बलियो बनाउने, संविधान संशोधन, सुशासन र न्यायका मुद्दा अघि बढाउने प्रतिबद्धता जनाए पनि त्यसबाट पछाडि हटेको आरोप लगाउँदै उनले चाडपर्वपछि जनताको न्यायका लागि ठूलो आन्दोलन गर्ने चेतावनी दिए।
रसुवामा भएको बाढीको घटना वैदेशिक कारणले भएको दाबी गर्दै यादवले क्षतिपूर्तिका लागि पहल गर्नुपर्ने बताए। उनले घटनामा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको महासभामा यस विषयलाई जोडतोडका साथ उठाउनुपर्नेमा जोड दिए।
कार्यक्रममा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले राज्यले उपेन्द्र यादवलाई नियतवश फसाउन खोजेको आरोप लगाए। आफूलाई पनि विगतमा राज्यले फसाउने प्रयास गरेको उल्लेख गर्दै उनले अधिकारको लडाइँमा एकता आवश्यक रहेको बताए।
विगतमा आफूहरूबाट पनि गल्ती भएको स्वीकार गर्दै राउतले घरभित्रका समस्या आपसी सल्लाहबाट समाधान गर्नुपर्नेमा जोड दिए । अधिकारको संघर्षमा नेतृत्वको मनोबल महत्वपूर्ण हुने भएकाले नेता तथा कार्यकर्ताले गाउँगाउँ पुगेर जनतालाई बुझाउनुपर्ने उनको भनाइ थियो।
राज्यको दोहोरो नीतिको आलोचना गर्दै राउतले हत्या–हिंसामा सहभागी भएकाहरूलाई मुद्दा नलाग्ने तर सोझासाझा जनतालाई सामान्य अपराधमा पनि ठूलो मुद्दा लगाएर फसाउने गरिएको आरोप लगाए। वर्तमान सरकार ठूलो बलिदानीबाट प्राप्त अधिकार खोस्न लागिपरेको उनको दाबी थियो।
आम जनता पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले देशमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक तथा प्राकृतिक संकटको समाधानका लागि अग्रगामी मोर्चा निर्माण गरिएको बताए। मोर्चा कुनै सरकार ढाल्ने उद्देश्यले नभई देशलाई संकटबाट निकास दिन निर्माण गरिएको उनको भनाइ थियो।
भारतका पूर्वप्रधानमन्त्री अटलविहारी वाजपेयीको भनाइ उद्धृत गर्दै साहले संगठन र कार्यकर्ताबीचको एकता तथा मनोबल बलियो बनाउनुपर्नेमा जोड दिए । देश अहिले राजनीतिक अस्थिरतासँगै आर्थिक, सामाजिक, जलवायु तथा प्राकृतिक विपत्तिसहित बहुआयामिक संकटबाट गुज्रिरहेको उल्लेख गर्दै उनले समस्यालाई केवल सत्ताको दृष्टिकोणबाट हेरेर समाधान गर्न नसकिने बताए।
मोर्चा सरकार ढाल्ने खेलका लागि नबनेको स्पष्ट पार्दै साहले राष्ट्रिय स्वतन्त्र पार्टीका केही नेताहरू सत्ता केन्द्रित खेलमा सक्रिय रहेको आरोप लगाए । आगामी दिनमा देशभर संगठन विस्तार, कार्यकर्ता परिचालन र जनताको मन जोड्ने अभियान सञ्चालन गरिने उनले बताए।
प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष जनार्दन शर्मा ‘प्रभाकर’ले अग्रगामी मोर्चा चुनाव लक्षित नभई राष्ट्रको आवश्यकताअनुसार निर्माण भएको बताए । मुलुक प्रतिपक्षविहीन अवस्थामा जस्तै रहेको उल्लेख गर्दै उनले सरकार र संसद्लाई सही ट्र्याकमा ल्याउन मोर्चाले भूमिका खेल्ने बताए।
मोर्चा उत्पीडित वर्गको अधिकार प्राप्तिका लागि बनेको दाबी गर्दै शर्माले दलित तथा सीमान्तकृत समुदायका मानिसहरूले अधिकार पाउने वातावरण निर्माण गर्नुपर्ने बताए । मोर्चालाई तल्लो तहसम्म विस्तार गर्ने चरणमा रहेको उल्लेख गर्दै उनले घटक दलभित्र कसैले गल्ती गरेमा कार्यकर्ता तथा जनताले खबरदारी गर्नुपर्नेमा जोड दिए।
नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले मोर्चामा आबद्ध दलहरू आगामी निर्वाचनमा एउटै चुनाव चिह्नबाट लड्ने तयारीमा रहेको बताए। अहिले एउटै चुनाव चिह्न लिएर निर्वाचनमा जाने तयारी भए पनि आगामी दिनमा स्थायी एकता कायम गर्ने योजना रहेको उनले सुनाए।
बहुजन एकता पार्टी नेपालका अध्यक्ष हरिनन्दन रञ्जनले समावेशी र आरक्षणको व्यवस्थाका कारण सीमान्तकृत तथा दलित समुदायका मानिसहरूले अवसर पाएको बताए । मधेशी जातजातिलाई हेप्ने प्रवृत्ति अझै कायम रहेको उल्लेख गर्दै उनले प्राप्त उपलब्धिको रक्षा र थप अधिकारका लागि सचेत हुनुपर्नेमा जोड दिए।
हालको भन्दा अझ बलियो र अधिकारसम्पन्न संघीयता आवश्यक रहेको धारणा राख्दै रञ्जनले समावेशी सहभागिताबाट प्राप्त अवसरहरू जोगाउनुपर्ने बताए।
मोर्चाले मधेश प्रदेशमा संगठन विस्तार, कार्यकर्ता परिचालन तथा घोषित राजनीतिक एजेन्डालाई स्थानीय तहसम्म पु¥याउने लक्ष्य राखेको जनाएको छ । कार्यक्रममा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका नेता तथा कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो।

# रास्वपा सरकारप्रति मधेशमा असन्तुष्टिका संकेत



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रतिनिधिसभामा झन्डै दुई तिहाइ नजिकको जनमतसहित सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)प्रति जनअसन्तुष्टिका संकेत देखिन थालेका छन्।
मधेशमा आयोजित एक कार्यक्रममा सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेललाई कार्यक्रमस्थलबाट बाहिरिन बाध्य पारिएको घटनाले सरकार र नागरिकबीच बढ्दो दूरीबारे बहसलाई थप बल दिएको छ।
२०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ १ सय २५ र समानुपातिकतर्फ ५७ गरी १ सय ८२ सिट जितेको थियो। २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा दुई तिहाइका लागि १ सय ८४ सिट आवश्यक पर्ने भएकाले रास्वपा दुई सिटले मात्र पछाडि छ।
ठूलो जनमतसहित सत्तामा पुगेको रास्वपाले परिवर्तन, सुशासन र परिणाममुखी शासनलाई प्रमुख एजेन्डा बनाएको थियो । तर, सरकारका घोषणा र नागरिकले दैनिक जीवनमा अनुभूति गर्ने परिणामबीच अन्तर देखिन थालेको गुनासो सार्वजनिक हुन थालेका छन्।
सरकारले आफ्नो १०० बुँदे शासकीय सुधार कार्यसूचीमध्ये ८७.२ प्रतिशत काम अघि बढेको दाबी गर्दै आएको छ। सरकारका प्रवक्ताका अनुसार ७० वटा बुँदा कार्यान्वयन भइसकेका छन् भने १७ वटामा ८० प्रतिशतभन्दा बढी प्रगति भएको छ । बाँकी १३ बुँदामा ६० प्रतिशतभन्दा कम प्रगति रहेको सरकारको भनाइ छ।
तर, स्वतन्त्र नागरिक जवाफदेही परियोजनाले गरेको मूल्यांकनले सरकारको दाबीभन्दा फरक अवस्था देखाएको छ । उक्त मूल्यांकनअनुसार ३६ वटा कार्यसूची सकारात्मक रूपमा अघि बढेका छन् भने ५९ वटा कार्यान्वयनकै चरणमा छन् । चारवटा रोकिएका र एउटा कार्यसूची सुरु नै नभएको उल्लेख छ।
सरकारको प्रगति मापन गर्ने आधार र नागरिकले खोजेको प्रत्यक्ष परिणामबीचको अन्तरले सरकारसामु चुनौती थपेको देखिन्छ । प्रशासनिक प्रक्रिया अघि बढ्नु सरकारका लागि उपलब्धि हुन सक्ने भए पनि नागरिकका लागि सेवा सहज भयो कि भएन, रोजगारी बढ्यो कि बढेन, बजारमा राहत पुग्यो कि पुगेन र भ्रष्टाचार नियन्त्रण भयो कि भएन भन्ने विषय बढी महत्वपूर्ण हुन्छ।
वालेन्द्र शाह नेतृत्वको सरकारले सत्ता सम्हालेकै दिन सार्वजनिक गरेको १०० बुँदे कार्यसूचीमा डिजिटल शासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा सुधार, सहकारी बचतकर्ताको रकम फिर्ता, रोजगारी तथा सीप विकास, भूमिहीनको समस्या समाधान, निजी क्षेत्रको सुरक्षा र शिक्षा सुधारलगायतका विषय समेटिएका थिए।
यी योजनाको प्रत्यक्ष प्रभाव नागरिकको दैनिक जीवनमा देखिन नसके सरकारका लागि चुनौती बन्न सक्ने देखिन्छ।

# संविधानको रक्षार्थ परिवर्तनकारी शक्ति एक हुन जरुरी



**वीरगंज।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक माधवकुमार नेपालले संविधानको रक्षाका लागि परिवर्तनकारी शक्तिहरूबीच एकता हुनुपर्नेमा जोड दिएका छन्।
शनिबार वीरगंजमा भएको पत्रकार भेटघाट कार्यक्रममा उनले ठूलो सङ्घर्ष र बलिदानबाट प्राप्त मौलिक हक, लोकतन्त्र, सङ्घीयता, समावेशितालगायत प्राप्त संवैधानिक अधिकार संरक्षण गर्दै नागरिकका हक पूर्ण कार्यान्वयनका लागि पनि परिवर्तनकारी शक्तिबीचको कार्यगत एकताको आवश्यकता औँल्याए।
सहसंयोजक नेपालले भने, ‘संविधान सामान्य परिवर्तनबाट आएको होइन, अहिलेको संविधानको रक्षा गर्न राजनीतिक दलबीच एकता, सहकार्य र समन्वय आवश्यक छ। जनतालाई सुशासनसहितको सेवा प्रवाहमा सबै एक भई अगाडि बढ्नुको विकल्प छैन ।’ उनले आदिवासी महिला, जनजाति, मधेशी, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछपिडएको क्षेत्रलगायत सिमान्तृकत समुदायको संवैधानिक अधिकार संरक्षण गर्नु हामी सबैको दायित्व हो भने।
पूर्वप्रधानमन्त्रीसमेत रहेका सहसंयोजक वर्तमान सरकारप्रति जनताको तीव्र आकाङ्क्षा भएकाले जनताको चाहनाअनुसार काम गर्नुपर्ने धारणा राखे। भदौ १० गतेको भोटेकोशी बाढीपछि बेपत्ताको खोजी र उद्धारमा सरकारले थप तीव्रता दिनुपर्ने उनको भनाइ छ।
नेपालले भने, ‘देश अहिले विपत्मा छ, हिमाली बाडीका कारण ठूलो जनधनीको क्षति भएको छ। खोजी कार्यमा सरकारले उपलब्ध स्रोतसाधन, विभिन्न सङ्घसंस्था तथा राजनीतिक दललाई पनि उद्धार र राहतमा खटाउन सक्नुपर्छ ।’ उनले २०८२ भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनका क्रममा भएको घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गर्नुपर्ने माग पनि गरे।

# युएईलाई हराउँदै नेपाल एसिया कपमा छनोट

**काठमाडौँ।**
तेस्रो संस्करणको एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले जितेको छ । शनिबार मलेसियामा सम्पन्न फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो।
योसँगै नेपाली टोली सन् २०२७ मा बङ्गलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ । नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो । नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो।
गत संस्करणको विजेता बनेको युएई भने एसिया कप २०२७ मा स्थान बनाउन वञ्चित भयो । फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९ दशमलव एक




ओभरमा २६९ रनमा अलआउट भयो। उसका लागि राहुल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन।
यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा चनवीरले १५ रन जोडे। नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशनकुमार झाले एक/एक विकेट लिए।
त्यसअघि मलेसियाको क्वालालाम्पुरस्थित बायुमास ओभलको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको थियो। नेपालका लागि ओपनर तथा विकेटकिपर आसिफ शेखले शतकीय इनिङ खेले। उनले १०६ बलमा आठ चौका र चार छक्कासहित १०२ रनको इनिङ खेलेका हुन् । एकदिवसीय अन्तरराष्ट्रिय क्रिकेटमा आसिफको यो दोस्रो शतक हो। यस्तै, आज गुलशनकुमार झाले अर्धशतकीय पारी खेले । उनले ३८ बलमा चार छक्का र तीन चौकाको मद्दतमा ५२ रनको पारी खेलेका हुन्।
एकदिवसीय अन्तरराष्ट्रियमा गुलशनको यो छैटौँ अर्धशतक हो । यस्तै, अर्जुन कुमालले ४३, रोहितकुमार पौडेलले ४०, दीपेन्द्रसिंह ऐरीले १८, बसिर अहमदले अविजित १५ र ईशान पाण्डेले १३ रन जोडे । युएईका लागि बलिङमा इब्रार अहमदले चार, खुजैमा तनवीरले दुई तथा हैदर अली, अबीद उस्मानीले एक÷एक एक विकेट लिएका थिए।

### पाँच दिनमा काठमाडौँलाई
# २,३३,००० सिलिण्डर ग्यास

**काठमाडौँ।**
पछिल्लो पाँच दिनमा काठमाडौँ उपत्यकामा विभिन्न कम्पनीका दुई लाख ३३ हजार ६ सय ६२ सिलिण्डर ग्यास बिक्री भएका छन्।
पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा गएको पहिरोको कारण राजमार्ग अवरुद्ध भएपछि नेपाल आयल निगमको समन्वयमा तराईका उद्योगमा सिलिण्डर रिफिल गरी बैकल्पिक बाटोबाट ती सिलिण्डर काठमाडौँमा ल्याई बिक्री गरिएका हुन् । निगमका अनुसार सोमबार ४८ हजार १०९, मङ्गलबार ४६ हजार २१८, बुधबार ५३ हजार ४६९, बिहीबार ४५ हजार २३० र बिहीबार ४० हजार ६३६ थान सिलिण्डर काठमाडौँ ल्याएर बिक्री गरिएका छन्। मुख्य राजमार्ग अवरुद्ध भएपछि निगमले यही भदौ १४ गतेदेखि काठमाडौँ, धादिङ र काभ्रेपलाञ्चोकस्थित उद्योगका सिलिण्डर बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, धनुषा र महोत्तरीमा रहेका उद्योगमा भरेर बैकल्पिक मार्गबाट काठमाडौँ ल्याउने व्यवस्था मिलाएको थियो । पृथ्वी राजमार्ग नियमित सञ्चालन नहुँदासम्म वैकल्पिक मार्गबाट ग्यास सिलिण्डर काठमाडौँ ल्याई बिक्री गरिने निगमले जनाएको छ।

## सम्पादकीय

# क्यासिनो, प्रहरी, जनप्रतिनिधि र सञ्चार एकसाथ सतहमा

पर्साका आधा दर्जन क्यासिनो सधैँ समाचारमा छाइरहन्छन् । कहिले त्यहाँ रासनकार्ड देखाउँदै नेपाली पनि भारतीय बनेर छिरेर जुवा खेल्छन् । कहिले नेपाली नै सेटिङमा छिरेर जुवा खेलेर बर्बाद भएका छन् । केहीले त घरबार सकेर आत्महत्या पनि गरेका छन् । सीमावर्ती बजारमा क्यासिनो खुलेपछि त्यसको ग्राहक विदेशी हुनु पर्ने नेपालको नियम कार्यान्वयन गराउने काम क्यासिनो खोलेर चलाउँछु भन्नेको हो । उसले नेपालको नियम मान्छु भनेर नै क्यासिनो खोलेको हो ।

नियम नमाने उसलाई कारबाहीको दायरामा ल्याउने काम प्रहरी प्रशासनको हो । बेलाबखत प्रहरी प्रशासनले छापा मार्दा रित्तो हात फर्कनु परेका कथाहरु सञ्चारमा आउँछन् । प्रहरी प्रशासन खबर गरेर जान्छन् कि भन्ने संशय पनि हुने गर्थ्यो । तर यसपटक त्यस्तो भएन । क्यासिनोमा नेपाली नै भेटिए, त्यो पनि रहरलाग्दा, समाचारमा पनि माथि माथि हेडिङकै अटाउने खालका भेटिए । दुनियाँले थाहा पाउँदा पनि जिब्रो टोक्ने गरी पो भेटिए ।

हो, पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त सिंह र पोखरिया प्रहरी चौकीका प्रहरी निरीक्षक प्रदीप पौडेल यसपटक आठजना नेपालीसहित क्लार्क क्यासिनोमा समातिए । दुईपटक म्याद थपेर अनुसन्धान भएको छ । अब सोमबार फेरि म्याद थप्ने या धरौटीमा छाड्ने भन्ने निष्कर्षमा प्रहरी प्रशासन पुग्छ । तर नेपालीहरु बर्बाद पार्ने क्यासिनोले यसपटक नेपालीहरुले जिब्रो टोक्ने गरी ठूलाबडा नेपालीहरुको राजनीतिक करियर र प्रहरीको जागिर नै जुवा खेलाइदिने गरी घटना सतहमा आएको छ । क्यासिनोमा जानु बर्बादी नै हो भन्ने कण्ठ पारिदिएको छ ।

यो घटनामा केहीले ५ महिनाको सिसिटिभी फुटेज पनि उतारेर अध्यक्ष यादवको क्यासिनो लत बाहिर ल्याए भने केहीले उनलाई जबर्जस्त जुवाघर पुर्याएर फसाइएको भने । सञ्चारको काम समाजको ऐना बन्नु हो ।

ऐनामा सबै देखिन्छ । सञ्चार आफैँ ऐना कारखाना बनेर कहिलेकहीँ अरुको अनुहारको दाग लुकाउन खोज्दा यसपटक दाग अनुहारमा भन्दा ऐनामै परेपछि अनुहार छोपे पनि ऐनामा त्यो दाग देखिनु ऐना कारखानाकै त्रुटि हो । सायद सञ्चारले बेदाग हुने जमर्को गर्न चाहेन र अध्यक्ष अनि प्रहरी निरीक्षकको मात्र मोसो किन देखाउने, अलि अलि हामी पनि दलौँ भनेर सल्लाह नै चैँ गरेका होइनन् होला ।

समाज विभाजित छ । यस्तो बेला सन्तुलित समाचार पस्कने काम सञ्चार हो । प्रश्नरहित कोही छैनन् । तर अरुको प्रश्नमा आफू उत्तर बनेर वकालती गर्ने काम उचित होइन । जे हो, त्यो देखाउने काम हो सञ्चारको । जनता जागरुक छन्, ठीक बेठीक छुट्याउन सक्ने अवस्थाका छन् । २०४५ सालकै पत्रकारिता छैन अब । डिजिटल साक्षर जनता नागरिक पत्रकारिता रुचाइरहेका छन् । अतः यो घटनामा जनप्रतिनिधि, क्यासिनो, प्रहरी मात्र सतहमा पुगेनन्, सञ्चारको मुद्दाबारे पनि पछिसम्म बहस भइरहने गरी समाचार प्रवाह भएका छन् ।

# नेपालले पाउनुपर्ने जलवायु न्याय



–एकराज पाठक

जलवायु परिवर्तनको गम्भीर प्रभावका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त त विश्वसामु छर्लङ्ग नै छ । एकातर्फ जलवायु परिवर्तनका कारकका रुपमा योगदान नै नरहेकोअर्थात् अति नगण्य रहेको भए पनि हामी बारम्बार जलवायुजन्य सङ्कटमा परिरहेका छौँ भने अर्कातर्फ हामी ती सङ्कटसँग जुध्नका लागि पनि आवश्यक स्रोतको अभाव झेलिरहेका छौँ । यो वास्तविकताको पछिल्लो उदाहरण नेपालले भोटेकोशीले निम्त्याएको पछिल्लो प्रलय पेस गर्दा पनि हुन्छ । किनभने हिमनदी बढेर होस् या हिमालमा बनेको हिमताल फुटेर आएको बाढीले अहिले रसुवा र नुवाकोटका कैयौँ बस्ती बढारेको मात्र नभएर ठूलो जनधनको क्षति गराएको छ । जसको प्रकृति र परिणामबारे विश्व नै जानकार छ । नेपाल यस्ता अकल्पनीय बाढी र त्यसले निम्त्याएका विपत्को चपेटामा पर्न थालेको केही वर्ष भयो, यो पनि सबैलाई थाहै छ ।

भोटेकोशीको पछिल्लो वितण्डाले एक हजार ३०० भन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी मानिस हराइरहेका छन् । यसलाई पछि जे जस्तो नाम या कारण दिइए पनि अहिले नै सबैको निष्कर्ष जलवायुजन्य विपत् नै हो र यसले अब हिमाली स्रोत भएर बग्ने नदी किनारका बस्तीहरुमा खतराको घण्टी बजाउन थालेको छ । भोलिका दिनमा यो खतरा बढ्दै जाने त्रास अब हाम्रा मन मस्तिष्कमा आउन थालिसकेको छ । यसअघि पनि हामीसँग यस्तो विपत्का कैयौँ उदाहरण छन् जसले हाम्रो जनधनमा ठूलो क्षति पुर्याएका छन् । दुई वर्षअघि असोजमा आएको अकल्पनीय वर्षा र बाढी होस् या सोलुखुम्बुको थामे गाउँ बगाएको दुर्घटना । अथवा २०६९ सालमा पोखराको सेतीनदीमा हिँउदको समयमा आएको बाढी नै किन नहोस् । अहिलेसम्मका अनुमान र अनुसन्धानबाट यी सबै जलवायुजन्य जटिलताले निम्त्याएका विपत्ति नै हुन् र जसले आफ्ना मात्रा र स्वरुप निरन्तर बढाउँदै छन् ।

भौगोलिक अवस्थिति र विकासको स्तरका कारण पनि नेपाल जलवायुजन्य जोखिममा रहेको छ । हाम्रा उच्च पहाड र हिमालहरुले प्राकृतिक रुपमा जलवायु सन्तुलन कायम गर्दै आएका छन्, अनि हाम्रा नदीहरूको स्रोतमा प्रायः हिमाल नै छ । अहिले आएर तिनै हिमाल एकातिर कालापत्थरमा परिणत हुँदै जाँदा हिमाली बस्ती सङ्कटमा परेको छ भने त्यसका कारण ती हिमाल मुन्तिर बनेका हिमतालले नदी छेउछाउका बस्तीहरुको अस्तित्वमाथि धावा बोल्न थालेका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु सङ्कट ज्यादै नराम्रोसँग भोगिरहेको बताउनुभएको थियो । उहाँले विश्वले बेलैमा नसोच्ने हो भने नेपाल र यस्तै हिमाली बस्तीहरुको भविष्य दिनप्रतिदिन खतरामा पर्दै जाने बताउनुभएको थियो ।

इसिमोडले केही समयअघि सार्वजनिक गरेको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लिँदै जाने हो भने हिन्दकुश हिमालयन क्षेत्रका हिमनदीहरुले यो शताब्दीको अन्त्यसम्ममा अहिलेको भन्दा ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको छ । यसबाट उच्च पहाडी क्षेत्रमा बाढीपहिरो बढ्ने र पूर्वाधारमा क्षति पुग्ने खतरा छँदैछ । यस्तो अवस्था आएमा त्यसको प्रत्यक्ष र सबैभन्दा ठूलो मार नेपालमाथि पर्नेछ । यस क्षेत्रमा हाम्रो अवस्थिति र भौगोलिक बनावट अरु देशको भन्दा फरक छ र हाम्रा बस्तीहरु पनि नदी किनारहरुमा विस्तारित छन् । हाम्रो जलाशयअर्थात् नदी सभ्यताका कारण पनि हाम्रो अवस्थिति जोखिमपूर्ण नै छ । यसकारण पनि हाम्रा बस्ती र अवस्थितिमाथि आगामी दिनमा जलवायु परिवर्तनका जटिलताले धावा बोल्ने निश्चित नै देखिन्छ ।

पछिल्ला समयहरु यस्ता आउँदै जानेछन् कि जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य, स्वास्थ्य तथा शिक्षा, आवास, सरसफाइ र पानीको अधिकार प्राप्ति र उपभोगमा नै बाधा पुग्नेछ । यसका प्रारम्भिक सङ्केतहरु देखिँदै गएको तथा सबैभन्दा बढी आर्थिक र भौतिक क्षति व्यहोर्ने राष्ट्रको सूचीमा नेपाल अग्रपङ्क्तिमा सर्दै गएको देखिँदैछ । हिमनदी पग्लिने, हिमताल फुट्ने, अतिवृष्टी, अनावृष्टी, बेमौसमी बाढी, पहिरो, भूक्षय, खडेरीलगायतका मौसमी प्रकोपहरु भोलि झन बढ्दै जाने देखिन्छ । तर पनि हाम्रो विडम्बना केछ भने यसरी हामीले भोगेका समस्या हाम्रा कारणबाट सृजित होइनन् । विकसित देशहरुले औद्योगीकरण तथा आधुनिक विकासका क्रममा उत्सर्जन गरेको हरित गृह ग्यासले विश्वको जलवायुमा पारेको असरबाट हामीमाथिको यो अवस्था सृजना भएको हो ।

जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि नेपालजस्ता पहाडी तथा अतिकम विकसित मुलुक र साना टापु राष्ट्रहरुमा यसको विषम असर परिरहेको छ । कृषि उत्पादनमा हस आउँदा प्रत्यक्ष मारमा नेपालको कृषि क्षेत्र परिरहेको छ । बीउबिजनको अभाव, समयमा वर्षा नहुने असमयमा हुने, अधिक वर्षा हुने, रैथाने बाली नास हुने, आधुनिक बालीलाई विषादी आदिको प्रयोगको बाध्यताका कारण बढ्दो रोगकिराको प्रकोपजस्ता समस्याको न्याय हामीले कहिले पाउने ? असमयमै आएको बाढीका कारण पोखराको सेती नदीबाट बाढीमा परेर बेपत्ता भएकाहरु हुन् या थामेमा आएको हिमपहिरोका पीडितहरुको पनि जलवायु न्याय पाउने अधिकारमाथि थपिएको छ भोटेकोशीको बाढी । यो बाढीले त हामीलाई यसरी थिचेको छ कि अझैसम्म क्षतिको आकलन नै गर्न सकिरहेका छैनौँ । यस्तो अकल्पनीय क्षति व्यहोर्न बाध्य हाम्रो गल्ती के थियो र ?

कृषिकर्मबाट विस्थापित हुने अवस्था आएपछि देशका युवा उचित आम्दानीको स्रोत खोज्दै सहर पस्न तथा वैदेशिक रोजगारीमा जान बाध्य छन् । वातावरणीय विनाश र बढ्दो अनिश्चितताले युवाहरुमा बेरोजगारी र मानसिक तनाव बढ्दो छ । कति त वासस्थानबाटै पलायन हुन बाध्य छन् । कृषिकर्मप्रतिको अनाकर्षण बढ्दा खाद्यान्न अभाव र भोकमरी हाम्रो सन्निकट छ । हो, यो परिस्थितिका कारण अब हामीले विश्व समुदाय र सरोकारवालाहरुसँग न्याय माग्ने कामलाई तिरन्तर र सशक्त बनाउनुपर्ने छ । हामीले विश्व समुदायलाई भन्नुपर्ने छ कि पछिल्लो वातावरणीय र जलवायुजन्य जटिलतामा नेपालको हिस्सा र कारण के कति छ ? यदि छैन भने हामीलाई नखाएको विष किन लाग्ने ? यो बाध्यतालाई बहसका रुपमा अब हामीले सशक्त रुपमा विश्व समुदायसँग नै कूटनीतिक माध्यमबाट उठाउनुपर्छ ।

यसै परिप्रेक्षमा नेपालले दुई वर्षअघि जलवायु परिवर्तनमा राष्ट्रहरुको दायित्वका सम्बन्धमा नेदरल्याण्डस्को हेगस्थित संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो अडान राखेको पनि थियो । जलवायु परिवर्तनमा आफ्नो कुनै योगदान नभएको भए पनि बिनाकारण हामीले मार खानुपरेको अवस्थाबारे नेपालका तर्फबाट तत्कालीन परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले राख्नुभएको थियो । त्यस अवसरमा उहाँले नेपालजस्ता पर्वतीय एवं हिमाली राष्ट्रहरूले जलवायु न्याय पाउनुपर्ने विषयमा नेपालको माग जोडतोडका साथ राख्नुभएको थियो । प्रत्येक वर्ष हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनलगायत विभिन्न अन्तरराष्ट्रिय मञ्चहरुमा पनि नेपालले निरन्तर जलवायु परिवर्तन, यसका असर र सोको न्यायका विषयमा आवाज उठाइरहेकै छ । जलवायु परिवर्तनसँग सम्बन्धित अन्तरराष्ट्रिय सहयोगहरु साथै अघिल्लो वर्षदेखि सञ्चालनमा आएको 'लस एण्ड ड्यामेज फण्ड' लगायतबाट नेपालजस्ता मुलुकहरुले ऋण नभई अनुदान सहायता पाउनुपर्ने नेपालको माग छँदैछ । यसका लागि नेपालले जलावायु कूटनीतिलाई सशक्त बनाउनुपर्छ ।

प्रधानमन्त्री वालेन्द्र शाह राष्ट्रसङ्घीय महासभामा सहभागी हुने कुराले पनि नेपालले पाउनुपर्ने जलवायु न्यायको आवाज थप बुलन्द हुने अपेक्षा गरिएको छ । एकातर्फ हामी जलवायुजन्य जटिलताको चपेटामा परिरहने र अर्कातर्फ त्यसको समाधान र क्षतिपूर्तिका लागि न्यूनतम स्रोतको अभाव झेलिरहनुपर्ने दोहोरो मारमा हामी रहेको तथ्य प्रधानमन्त्री शाहले विश्व समुदायसँग जोडतोडका साथ उठाउनुपर्दछ । यतिखेर हामीमाथि विश्व समुदायकै सान्त्वना छ । र, ठूला दाता राष्ट्र तथा निकायहरुको दया थप जाग्ला र सहायता थप बढ्ला । तर हामीले अब सहयोग, सान्त्वना आदिका नामबाट नभएर अधिकारका रुपमा लिन चाहन्छौँ । बर्सेनिको यो विपत्तिको मुख्य कारक जलवायु परिवर्तन नै हो र त्यसका लागि हामीलाई जलवायु न्याय चाहिन्छ भन्ने हाम्रो राष्ट्रिय ध्येय हुनुपर्दछ । प्रधानमन्त्री शाहले आगामी महिना हुन लागेको संयुक्त राष्ट्रसङ्घीय महासभामा पनि यही मान्यताका साथ सम्बोधन गर्नुहुने अपेक्षा छ । जसका लागि जलवायु कूटनीतिलाई थप सशक्त र परिणाममुखी बनाउनु पनि जरुरी छ ।

# सडकविहीन बस्तीमा राहतको नयाँ सारथी 'ड्रोन'

प्रगति ढकाल/रासस

आजभोलि रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिकाको आकाशमा ड्रोन उठिरहन्छ बेलाबेलामा । राहत तथा अन्य अत्यावश्यक सामग्री बोकेर उठेको ड्रोन अकाश फर्केर हेर्ने मान्छेहरू छक्क पर्छन् । पहिलापहिला मान्छे र घोडा तथा खच्चडले बोक्ने सामग्री आजभोलि ड्रोनले ओसार्दा स्थानीयको नजर त्यसैमा ठक्क अडिन्छ । यही भदौ १० गते रसुवा भोटेकोशी बाढीले भत्किएका सडक र पुल अनि अन्य संरचनाको भग्नाशेषहरू जमिनमा र त्यही जमिनमाथि राहत बोकेर उक्त स्थानमा ड्रोन उडिरहेको देखिन्छ । बाढीले जमिनको बाटो बन्द गरिदिएपछि यही आकाश अहिले दुर्गम बस्तीका लागि राहतको बाटो बनेको छ । भोटेकोशीको भेलले गाउँपालिकालाई बाहिरी दुनियाँबाट लगभग अलग पारेपछि खाद्यान्न, औषधि र ग्यासको अभाव बढ्दै गयो । भोकसँग जुधिरहेका परिवारका लागि ड्रोनले ओसारेको राहत प्रभावित क्षेत्रका लागि ठूलो सहारा बनेको छ ।

यही भदौ १० गतेअघि आमाछोदिङमो गाउँपालिका पुग्दा दृश्य बेग्लै थियो । चारैतिर हरियाली, हिमालको काखमा फैलिएका बस्ती, कलकल बग्ने भोटेकोशी र पर्यटकको चहलपहल । रसुवाको उत्तरी भेगमा पर्ने यो गाउँपालिका धार्मिक तथा प्राकृतिक पर्यटनका लागि परिचित थियो ।

पार्वतीकुण्डबाट नामकरण गरिएको यस गाउँपालिकाको पहिचानलाई चिलिमे, सान्जेन र त्रिशूली जलविद्युत् आयोजनाले देशको ऊर्जा विकाससँग जोडेको थियो । हरेक वर्ष हजारौँ नेपाली तथा विदेशी पर्यटक यहाँको प्राकृतिक सौन्दर्य नियाल्न पुग्थे । तर भदौ १० गते आएको भोटेकोशीको बाढीले त्यो परिचय क्षणभरमै बदलिदियो । जहाँ केही दिनअघिसम्म मानिसको चहलपहल थियो, अहिले त्यही ठाउँ उजाड देखिन्छ । सडक छैनन् । विद्युत् सम्पर्क छैन । दुई सयभन्दा बढी नागरिक बेपत्ता छन् ।

यो दृश्य सम्झँदा अझै पनि आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङको मन भक्कानिन्छ । 'विपद् भयो । जे हुनु भइसक्यो । अब बाँचेकालाई भोकभोकै राख्नुभएन,' उहाँ भन्नुहुन्छ । बाढीपछि गाउँपालिकाको बाहिरी दुनियाँसँगको सडक र विद्युत् सम्पर्क एकाएक टुट्यो । सडक बगेपछि अत्यावश्यक सामग्री गाउँसम्म पु¥याउनु सबैभन्दा ठूलो चुनौती बन्यो । खाद्यान्न, औषधि, ग्याससगायत दैनिक जीवनका अत्यावश्यक सामग्रीको अभाव देखिन थाल्यो । एकातिर बाढीले घर, सडक र संरचना बगाएको थियो । अर्कोतिर बाँचेका नागरिकलाई कसरी खाना खुवाउने भन्ने चिन्ताले स्थानीय सरकारलाई सतायो । अध्यक्ष तामाङलाई खाद्यान्न सङ्कटको पिरलोले सताउन थाल्यो । 'खाद्यान्न सङ्कट कसरी टार्ने होला भन्ने ठूलो समस्या थियो । केन्द्र सरकारसँग गुहा¥यौँ । हेलिकप्टरबाट सामान ल्याउने प्रयास पनि भयो,' उहाँ सम्झनुहुन्छ ।

सबै सामान हेलिकप्टरबाट ल्याउन सम्भव थिएन । दुर्गम भूगोल, अवरुद्ध सडक र विपद्ले निम्त्याएको कठिन परिस्थितिका कारण अत्यावश्यक सामान गाउँ–गाउँसम्म पु¥याउन निकै कठिन भयो । त्यही कठिन घडीमा ड्रोन प्रविधि राहत ढुवानीका लागि सहयोगी प्रविधि बन्यो । 'प्रविधिको विकासले कति सजिलो हुने रहेछ भन्ने अहिले महसुस भयो,' अध्यक्ष तामाङ भन्नुहुन्छ, 'नत्र त सामान यहाँ ल्याउन धेरै गाहे भइरहेको थियो ।'
सडकले साथ छाडेको ठाउँमा आकाशबाट सामान पु¥याउन सकिने भएपछि राहत वितरणको स्वरूप नै केही सहज भएको बताउहुन्छ रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी दुरवप्रसाद अधिकारी । 'अहिले ड्रोनमार्फत औषधि, ग्यास र खाद्यान्नजस्ता अत्यावश्यक सामग्री ड्रोनमार्फत प्रभावित बस्तीमा पु¥याउन थालिएको छ । धेरै सजिलो भइरहेको छ,' उहाँले भन्नुभयो ।

**भोटेकोशी बाढीपछि आमाछोदिङमोमा नाकाबन्दीजस्तै अवस्थामा**

भोटेकोशी बाढीपछि आमाछोदिङ्गो गाउँपालिकामा सडक, विद्युत् र नियमित आपूर्ति सेवाबाट बिच्छेद हुँदा नाकाबन्दीजस्तै अवस्थामा पुगेको बताउनुहुन्छ गाउँपालिकाका उपाध्यक्ष चण्डिका तामाङ । 'भोटेकोशी बाढीपछि हामी त नाकाबन्दीमा नै परेका छौँ । न सडक छ, न विद्युत् । हाम्रो ठाउँ नै अन्धकार बनेको छ,' उहाँ भन्नुहुन्छ, 'धन्न ड्रोनका कारण वडा नं १ मा राहत ढुवानी गर्न सम्भव भएको छ । धुन्चेबाट अझै टाढा रहेका वडा नं २, ३, ४ र ५ मा भने ड्रोनबाट पनि ढुवानी गर्न सम्भव भएन ।'

तामाङका अनुसार बाढीबाट प्रभावित परिवारलाई हालसम्म एक बोरा मात्र चामल उपलब्ध गराइएको छ । सडक तथा यातायात अवरुद्ध हुँदा अन्य उपभोक्ताले समेत दैनिक उपभोग्य वस्तु अत्यधिक महँगोमा खरिद गर्नुपरेको उहाँको भनाइ छ । रु दुई हजार सात सय पर्ने एक बोरा चामललाई ११ हजार रुपैयाँसम्म तिर्नुपरेको भन्दै तामाङले महँगीले झन तनाव बढाएको बताउनुहुन्छ । 'दैनिक उपभोग्य वस्तुको सहज ढुवानी हुन नसक्दा यहाँ सामान निकै महँगो भएको छ । प्रभावित परिवारको पीडा झन ठूलो छ । अन्य सर्वसाधारणलाई पनि गाह्रो भएको छ,' उहाँ भन्नुहुन्छ, 'ड्रोन पनि पुग्न नसक्ने क्षेत्रमा वडा नं १ बाट बोकेर लैजान पनि निकै गाह्रो छ । यहाँको पीडा बयान गरेर साध्य छैन ।'

तामाङका अनुसार ढुवानीको असहजताका कारण सामानको मूल्यभन्दा कैयौँ गुणा बढी रकम हवाई यातायातमा खर्च गर्नुपर्ने अवस्था छ । 'रु २० हजारको सामान ल्याउन रु दुई लाखसम्म तिर्नुपर्ने अवस्था छ,' उहाँले भन्नुभयो, 'भोटेकोशी बाढीले दिएको महाविपत्तिले हाम्रो स्मृतिमा छाडेको घाउ भने लामो समयसम्म रहने भयो ।'

आमाछोदिङमोको भूगोल आफैँमा चुनौतीपूर्ण छ । गाउँपालिकामा वडा नं १ हाकु, वडा नं २ नेसिङ, वडा नं ३ गत्लाङ, वडा नं ४ गोल्जुङ र वडा नं ५ चिलिमे पर्छन् । सडक र पुल भत्किएका छन् । बाटो पहिरोले पुरिएको छ । कतिपय ठाउँमा उद्धारकर्मीसमेत पुग्न सक्ने अवस्था छैन । यस्तो बेला हेलिकप्टरलाई उद्धार र राहतको मुख्य साधन मानिन्छ । तर, हेलिकप्टर पुग्न नसक्ने ठाउँमा अत्यावश्यक सामग्री पु¥याउन अब ड्रोन पनि विपद् व्यवस्थापनको नयाँ सारथी बन्न थालेको छ ।

**समयमा नै अत्यावश्यक सामग्री ढुवानीमा ड्रोनको प्रयोग**

प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयले बाढीप्रभावित क्षेत्र नुवाकोटमा पनि हैजाविरुद्धको खोप अभियान सञ्चालनका लागि ड्रोनमार्फत खोप ढुवानी भएको जानकारी दिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले सडक सम्पर्क टुटेको र तत्काल पुनः सञ्चालन गर्न नसकिने अवस्थामा राहत सामग्री लैजान कठिन भएको अवस्थामा ड्रोन प्रविधि ढुवानीका लागि सहयोगी बनेको बताउनुभयो ।

'भोटेकोशी बाढीले रसुवाका विभिन्न क्षेत्रमा ठूलो क्षति पु¥याएपछि सडक तथा स्थलमार्गबाट प्रभावित बस्तीमा पुग्न कठिन भइरहेको थियो । कतिपय ठाउँमा हेलिकप्टरबाट समेत सामग्री पु¥याउन सहज छैन । यही अवस्थालाई ध्यानमा राख्दै प्राधिकरणले राहत सामग्री ढुवानीमा ड्रोनको प्रयोग थालेको हो,' उहाँले भन्नुभयो ।

**एकपटकमा करिब ८० केजीसम्म बोक्नसक्ने क्षमता**

प्राधिकरणका उपसचिव रामबहादुर केसीले धुन्चेबाट हाकुबेँसीसम्म राहत सामग्री पु¥याउन चारवटा ड्रोन प्रयोगमा ल्याइएको र ड्रोनले एकपटकमा करिब ८० किलोग्रामसम्म सामग्री बोक्नसक्ने क्षमता राख्ने बताउनुभयो । 'विपद्को समयमा सामान्य यातायातका साधन चल्न नसक्ने अवस्थामा यस्तो क्षमताको ड्रोनले राहत वितरणलाई थप सहज बनाएको छ,' उहाँले भन्नुभयो, 'जहाँ हेलिकप्टरबाट जान सम्भव हुँदैन, त्यहाँ ड्रोनबाट सामग्री पठाउन सहज भएको छ । ड्रोनमार्फत प्रभावित क्षेत्रमा खाद्यान्न, ग्यास, औषधिलगायतका अत्यावश्यक सामग्री पु¥याउने काम भइरहेको छ ।'

ग्यास सिलिन्डर तुलनात्मक रूपमा भारी हुने भएकाले हेलिकप्टरबाट ढुवानी गर्दा पनि कठिनाइ भएकाले ड्रोनको प्रयोगबाट निश्चित परिमाणमा राहत सामग्री पु¥याइएको प्राधिकरणको भनाइ छ । सामान्यतया ड्रोनलाई फोटो खिच्ने, निगरानी गर्ने वा विपद्को अवस्थाको दृश्य सङ्कलन गर्ने उपकरणका रूपमा बुझिन्छ तर पछिल्लो समय यसको प्रयोग राहत तथा उद्धारमा पनि विस्तार हुँदै गएको छ ।

प्राधिकरणले प्रयोग गरिरहेको ड्रोन भने सामान्य क्यामेरा ड्रोनभन्दा फरक क्षमताको हो । यसले करिब एक सय किलोग्रामसम्मको भार बोक्न सक्छ । प्राधिकरणका अनुसार विपद्का बेला एकैपटक ठूलो परिमाणमा सामग्री लैजान नसके पनि तत्काल आवश्यक पर्ने सामग्रीलाई चरणबद्ध रूपमा पु¥याउन सकिने भएकाले यसको उपयोगिता बढेको हो । ड्रोनका कारण दुवानीको समय बचत गर्नुका साथै मानवीय तथा आर्थिक जोखिमसमेत घटाउने प्राधिकरणको भनाइ छ । ठूलो परिमाणमा राहत सामग्री, घाइते तथा प्रभावित व्यक्तिको उद्धार वा लामो दूरीको ढुवानीका लागि अझै पनि हेलिकप्टर आवश्यक पर्ने प्राधिरकणले जनाएको छ ।

**विपद् व्यवस्थापनमा नयाँ अभ्यास**

नेपालमा विपद्का घटना बढ्दै जाँदा राहत र उद्धार प्रणालीलाई पनि समयअनुकूल बनाउनुपर्ने आवश्यकता बढेको छ । परम्परागत माध्यम मात्रमा निर्भर हुँदा दुर्गम तथा भौगोलिक रूपमा कठिन स्थानमा राहत पु¥याउन लामो समय लाग्न सक्छ । भविष्यका सम्भावित विपद् जोखिम व्यवस्थापनका लागि ड्रोनको प्रयोग बढाउन सकेमा छिटो र विकट बस्तीमा समयनै राहत तथा अत्यावश्यक समाग्री ढुवानी गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

विसं २०७२ को गोरखा भूकम्पपछि क्षतिको मूल्याङ्कन, सम्पदा अभिलेखीकरण, पहिरोको नक्साङ्कन तथा पुनर्निर्माणको योजना बनाउन ड्रोनको प्रयोग गरिएको थियो । हिमाल आरोहणका लागि डोरी टाँग्ने (बाटो बनाउने काम) र उच्च आधार शिविरबाट फोहोर ढुवानीमा ड्रोन प्रविधिको प्रयोग गर्न थालिएको छ । पछिल्लो समय ड्रोन प्रविधिले विश्वभर नै सम्भावनाको नयाँ मार्ग देखाएको छ । ड्रोनले खाद्यान्न ढुवानीदेखि लिएर पर्यटन प्रवद्र्धन, एरियल म्यापिङ, सीमा क्षेत्रको निगरानी, वन डढेलो नियन्त्रण, आपत्कालीन उद्धारदेखि एयर एम्बुलेन्ससम्मको काममा उपयोगी बनेको छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# करिब १५ लाखको राहत बोकेर रसुवातर्फ लागे सुधिर पटेल

**'संकलन गरेर मात्रै हुँदैन, वास्तविक पीडितसम्म पुऱ्याउनुपर्छ' भन्दै वीरगंजबाट राहत टोली रसुवातर्फ**





**मधेशदृष्टि**
**वीरगंज।**
बाढीबाट प्रभावित रसुवाका नागरिकलाई प्रत्यक्ष राहत उपलब्ध गराउने उद्देश्यले वीरगंजबाट करिब १५ लाख रुपैयाँ मूल्य बराबरको राहत सामग्रीसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महाधिवेशन प्रतिनिधि तथा युवा नेता सुधिर पटेलको नेतृत्वमा टोली रसुवातर्फ प्रस्थान गरेको छ । 'वीरगंज सहयोगी हात'को समन्वयमा आर्थिक सहयोग तथा खाद्यान्न संकलन गरी जुटाइएको राहत सामग्री शनिबार एक पिकअपमा राखेर पटेल नेतृत्वको टोली रसुवातर्फ लागेको हो । विपद्को चपेटामा परेका परिवारलाई तत्काल आवश्यक खाद्यान्न तथा अन्य सामग्री उपलब्ध गराउने उद्देश्यले राहत अभियान सञ्चालन गरिएको जनाइएको छ।

राहत संकलन गरेर सम्बन्धित ठाउँमा पठाउने मात्र नभई वास्तविक पीडितको हातसम्म आफैं पुगेर सामग्री हस्तान्तरण गर्ने उद्देश्यले आफू रसुवा जान लागेको पटेलले बताए । राहत वितरणमा वास्तविक आवश्यकता भएका परिवारलाई प्राथमिकतामा राखिने उनको भनाइ छ । 'राहत सामग्री संकलन गरेर मात्रै हुँदैन, त्यो वास्तविक पीडितसम्म पुग्नुपर्छ,' पटेलले भने, 'त्यसैले हामी आफैँ राहत सामग्री लिएर रसुवा जाँदैछौँ। जहाँ बढी आवश्यकता छ, त्यहीँ प्राथमिकताका आधारमा सामग्री वितरण गर्ने हाम्रो योजना छ।'

टोलीले रसुवा पुगेपछि बाढीपीडितका लागि सञ्चालनमा रहेको होल्डिङ सेन्टरमा राहत सामग्री वितरण गर्ने तयारी गरेको छ । त्यहाँ रहेका प्रभावित परिवारसँगै सम्भव भएसम्म बाढीबाट बढी प्रभावित स्थानीयको घरदैलोमै पुगेर सहयोग सामग्री उपलब्ध गराउने योजना रहेको पटेलले जानकारी दिए। बाढीका कारण विस्थापित तथा प्रभावित नागरिकलाई तत्काल राहतको आवश्यकता रहेकाले संकलित सामग्री प्राथमिकताका आधारमा वितरण गरिने बताइएको छ । खाद्यान्नसहित आवश्यक अन्य सामग्री लिएर गएको टोलीले प्रभावित क्षेत्रको अवस्थाबारे प्रत्यक्ष जानकारीसमेत लिने जनाइएको छ । वीरगंजबाट सुरु भएको यो सहयोग अभियानले विपद्को समयमा स्थानीयस्तरबाट जुटेको सहयोगलाई प्रभावित क्षेत्रमा प्रत्यक्ष पुऱ्याउने प्रयास गरेको छ । राहत वितरणमा बिचौलिया वा अनावश्यक ढिलाइ नहोस् भन्ने उद्देश्यले सामग्रीसहित टोली नै प्रभावित क्षेत्रमा पुगेको पटेलको भनाइ छ।

राहत अभियानमा आर्थिक सहयोग तथा खाद्यान्न उपलब्ध गराउने सहयोगीहरूप्रति आभार व्यक्त गर्दै पटेलले विपद्को समयमा पीडित नागरिकको साथमा उभिनु सबैको साझा दायित्व भएको बताए। संकलित सहयोगलाई पारदर्शी र आवश्यकताका आधारमा वितरण गर्ने प्रयास गरिने उनको भनाइ छ। वीरगंजबाट रसुवासम्म राहत सामग्री पुऱ्याउने यो अभियानले भौगोलिक दूरीका बाबजुद विपद्मा परेका नागरिकलाई सहयोग गर्न स्थानीय तहमा देखिएको सक्रियतालाई समेत प्रतिनिधित्व गरेको छ । राहत थुपारेर राख्ने होइन, जहाँ पीडा छ त्यहीँ पुऱ्याउने उद्देश्यसहित करिब १५ लाख रुपैयाँ बराबरको सामग्री बोकेर टोली रसुवातर्फ लाग्नु अभियानको मुख्य सन्देश बनेको छ।

## राप्रपा धनुषाको जिल्ला अधिवेशन विवादित, एक पक्षद्वारा बहिष्कार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको जिल्ला अधिवेशन एक पक्षले बहिष्कार गरेपछि विवादित बनेको छ । आफूहरूलाई जानकारी नै नदिई अधिवेशन गर्न लागिएको भन्दै राप्रपाका केन्द्रीय सुशासन विभागका केन्द्रीय सदस्य श्रवण झा नेतृत्वको एक पक्षले अधिवेशन बहिष्कार गरेको हो। अधिवेशनबारे आफूहरूलाई कुनै जानकारी नभएको र कतैबाट सूचना प्राप्त भएपछि मात्रै अधिवेशन भइरहेको थाहा पाएको झाको भनाइ छ।

त्यसपछि आफ्ना कुरा राख्दै अधिवेशन बहिष्कार गरिएको उनले बताए। वडा समिति, क्षेत्रीय समिति लगायतका समितिहरूको अधिवेशन सम्पन्न नभएको अवस्थामा जिल्ला अधिवेशन मान्य नहुने झाको दाबी छ।

आफूहरूको माग सम्बोधन नगरी अधिवेशन गरिए समानान्तर समिति गठन गर्नसमेत तयार रहेको उनले चेतावनी दिए। अधिवेशन बहिष्कार गरेलगत्तै राप्रपाकै नेता तथा कार्यकर्ताहरूले राप्रपा मधेसका अध्यक्ष भरत गिरीविरुद्ध नाराबाजी गर्दै अधिवेशन स्थलबाट बाहिरिएका थिए । जिल्ला अधिवेशनको विषयलाई लिएर राप्रपा धनुषाभित्र विवाद चर्किएको छ।

### अध्यक्षमा रामचन्द्र यादव निर्विरोध



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको सातौँ जिल्ला अधिवेशनबाट रामचन्द्र यादव तेस्रो कार्यकालका लागि जिल्ला अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । शनिबार जनकपुरधाममा सम्पन्न अधिवेशनले यादवलाई पुनः जिल्ला अध्यक्षमा चयन गरेको हो। यादव यसअघि पनि दुई कार्यकाल जिल्ला अध्यक्षको जिम्मेवारीमा थिए । अधिवेशनबाट जिल्ला नेतृत्व चयनसँगै पार्टीको आगामी गतिविधि र संगठन सुदृढीकरणका विषयमा समेत छलफल भएको जनाइएको छ । अधिवेशन राप्रपा जिल्ला कार्यसमिति धनुषाको आयोजनामा शनिबार बिहान सुरु भएको थियो । अधिवेशनबाट जिल्ला नेतृत्वसँगै अन्य पदाधिकारी तथा सदस्य चयन गरिएको छ।

## श्री राम युवा कमिटीको साधारण सभा सम्पन्न, दशैँका कार्यक्रमका लागि उपसमिति गठन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
श्री राम युवा कमिटी जनकपुरधामको ७९औँ साधारण सभा शनिबार सम्पन्न भएको छ।

साधारण सभाले आगामी विजयादशमी २०८३ लाई लक्षित गर्दै विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि विभिन्न उपसमिति गठन गर्दै संयोजक तोकेको छ।

माता बौधी देवी मन्दिर व्यवस्थापनको संयोजकमा रवीन्द्र ठाकुर, माता अन्नपूर्णा अमरखाना मन्दिरमा दिलीप साह तथा महाअष्टमी कालरात्रि (ठेहा) व्यवस्थापनमा राम प्रताप साहलाई जिम्मेवारी दिइएको छ। त्यस्तै, भजन सन्ध्याको संयोजकमा अजय कुमार साह 'शिक्षा', सुरक्षा समितिमा आनन्द कुमार मण्डल, विज्ञापन समितिमा कोषाध्यक्ष विनय साह तथा दशैँभरि भोजन व्यवस्थापन समितिमा रामकुमार मण्डल र संजय कुमार ठाकुरलाई जिम्मेवारी दिइएको छ । महाअष्टमी निःशुल्क भोजन व्यवस्थापनको संयोजकमा राम गोविन्द साह तथा कालरात्रि खुट्टा र खम्बा लाइन व्यवस्थापनको संयोजकमा जोगिन्दर दासलाई तोकिएको छ। बेलतोरी, बेलनौती तथा शुभकामना कार्यक्रमको जिम्मेवारी कार्यसमितिलाई दिइएको छ।

यसैगरी टेन्ट, लाइट तथा साउन्डको अनुगमनका लागि राम कुमार मण्डललाई संयोजक तोकिएको छ । छठ पर्वको पूजा समितिको संयोजकको जिम्मेवारीसमेत राम कुमार मण्डललाई दिइएको कमिटीले जनाएको छ।

मूल अर्थ संकलन समितिमा अध्यक्षसहित सम्पूर्ण संरक्षण समितिका सदस्यहरूलाई जिम्मेवारी दिइएको छ । साधारण सभाले आगामी धार्मिक तथा सांस्कृतिक कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने निर्णयसमेत गरेको जनाइएको छ।

## प्रहरीको पहुँच देखाएर थुनुवा छुटाउने भन्दै १ लाख असुलेको आरोपमा वडाध्यक्षका प्रत्याशी पक्राउ



**मधेशदृष्टि**
**रौतहट।**
प्रहरीसँग आफ्नो पहुँच रहेको भन्दै थुनुवालाई छुटाइदिने आश्वासन दिएर एक लाख रुपैयाँ असुलेको आरोपमा रौतहटमा वडाध्यक्ष पदका एक प्रत्याशी पक्राउ परेका छन् । गरुडा नगरपालिका–९ श्रीपुरका वडाध्यक्ष पदका प्रत्याशी शेख हुस्नैनलाई ठगीसम्बन्धी कसुरमा पक्राउ गरी प्रहरीले अनुसन्धान अघि बढाएको हो । श्रीपुरमा केही दिनअघि भएको विवादका क्रममा प्रहरीमाथि दुव्र्यवहार गरेको आरोपमा रामजन मियाँ पक्राउ परेका थिए।

रामजन पक्राउ परेपछि हुस्नैनले उनकी श्रीमतीसँग प्रहरीसँग समन्वय गरी मुद्दा मिलाइदिने र थुनुवालाई छुटाउने भन्दै एक लाख रुपैयाँ लिएको प्रहरीको दाबी छ । तर हुस्नैनलाई रकम बुझाएपनि रामजन रिहा नभएपछि उनकी श्रीमतीले आफूलाई झुक्याएर रकम लिइएको भन्दै इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएकी थिइन्। उक्त जाहेरीका आधारमा प्रहरीले हुस्नैनलाई पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक शंकरप्रसाद आचार्यले प्रहरीको नाम प्रयोग गरेर रकम उठाइएको विषयलाई गम्भीर रूपमा लिइएको बताए। जाहेरी परेपछि हुस्नैनलाई नियन्त्रणमा लिएर जिल्ला अदालत गौरबाट म्याद थप गरी घटनाबारे अनुसन्धान भइरहेको उनले जानकारी दिए। घटनामा गरुडा नगरपालिका–९ का वर्तमान वडाध्यक्ष राजेश सहनीविरुद्ध पनि थुनुवालाई छुटाइदिने भन्दै रकम लिएको आरोपमा छुट्टै जाहेरी परेको प्रहरीले जनाएको छ। डीएसपी आचार्यका अनुसार सहनीमाथि लगाइएको आरोपबारे समेत अनुसन्धान अघि बढाइएको छ । तर वडाध्यक्ष सहनीले भने रामजनलाई छुटाउने नाममा आफूले कसैबाट कुनै रकम नलिएको दाबी गर्दै आफूमाथिको आरोप अस्वीकार गरेका छन्।

प्रहरीका अनुसार हुस्नैन हाल इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा छन्। घटनामा अन्य व्यक्तिको संलग्नता भए–नभएको विषयमा समेत अनुसन्धान भइरहेको छ। प्रहरीको नाम, पहुँच र प्रभाव प्रयोग गरेर सर्वसाधारणबाट रकम असुल्ने कार्यमाथि अनुसन्धान अघि बढेपछि घटनाले स्थानीय तहको राजनीति र प्रहरीसँगको पहुँचको दुरुपयोगसम्बन्धी प्रश्नसमेत उठाएको छ । यद्यपि घटनाको वास्तविकता विस्तृत अनुसन्धान र कानुनी प्रक्रियाबाटै स्पष्ट हुने प्रहरीले जनाएको छ।

## ठूला योजनामा निजी क्षेत्रको लगानी भित्र्याउने विषयमा प्रमको चासो

**मधेशदृष्टि**
**कलैया।**
प्रधानमन्त्री बालेन्द्र शाहले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलजस्ता ठूला तथा रणनीतिक पूर्वाधार आयोजनामा निजी क्षेत्रको लगानी भित्र्याउने विषयमा चासो देखाएका छन् । प्रधानमन्त्री शाहले आज विभिन्न उद्योगी तथा व्यवसायीसँग छलफल गर्दै ठूला पूर्वाधारमा निजी क्षेत्रको लगानी कसरी आकर्षित गर्न सकिन्छ भन्ने विषयमा जिज्ञासा राखेका हुन्।

छलफलमा सहभागी आईएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालका अनुसार प्रधानमन्त्री र व्यवसायीबीच करिब पौने दुई घण्टा सकारात्मक छलफल भएको थियो।

प्रधानमन्त्रीले ठूला आयोजनामा लगानी भित्र्याउन राज्यले गर्नुपर्ने सहजीकरण तथा विद्यमान कानुनी जटिलताबारे व्यवसायीको धारणा लिएका थिए।

## वातावरण संरक्षणसँगै धार्मिकस्थलको सौन्दर्यीकरण, हर्दियामा १६ लाखको चौतारी पार्क निर्माण



**मधेशदृष्टि**
**वीरगंज।**
वातावरण संरक्षण तथा धार्मिकस्थलको सौन्दर्यीकरणलाई प्राथमिकता दिँदै पर्सागढी नगरपालिका–५ हर्दियास्थित मन्दिर परिसरमा चौतारी पार्क निर्माण गरिएको छ। वन डिभिजन कार्यालय पर्साको वार्षिक कार्यक्रमअन्तर्गत १६ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको चौतारी पार्कको उद्घाटन सवैया साझेदारी वन उपभोक्ता समितिका उपाध्यक्ष, पर्सागढी नगरपालिकाका नगरसभा सदस्य तथा पूर्ववडा अध्यक्ष असलम आलमले गरेका हुन्।

पार्क उद्घाटनका क्रममा सार्वजनिक तथा धार्मिकस्थलको संरक्षण, नियमित सरसफाइ र हरियाली प्रवद्र्धनमा यस्ता पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्ने बताइएको थियो । धार्मिकस्थलमा आउने श्रद्धालु तथा स्थानीयवासीका लागि विश्राम गर्ने र केही समय बिताउने उपयुक्त स्थानका रूपमा समेत पार्क उपयोगी हुने अपेक्षा गरिएको छ।

स्थानीय तहमा धार्मिक तथा सार्वजनिक क्षेत्रको संरक्षणसँगै वातावरणमैत्री संरचना निर्माणको आवश्यकता बढिरहेका बेला चौतारी पार्क निर्माणले हर्दियाको मन्दिर परिसरको सौन्दर्य थप बढाउने विश्वास स्थानीयवासीले व्यक्त गरेका छन् । उद्घाटन कार्यक्रममा पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेशप्रसाद यादवसहित आमोदिन हवारी, वीरेन्द्र तिवारी, मनमोध यादवलगायत स्थानीयवासी तथा सरोकारवालाको सहभागिता रहेको थियो।

## वडाध्यक्षमाथि अपरिचितको आक्रमण प्रयास, एक जना नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज।**
सखुवा प्रसौनी गाउँपालिका–५ महुवनका वडा अध्यक्ष अशेश्वर प्रसाद यादवमाथि अपरिचित व्यक्तिहरूले आक्रमणको प्रयास गरेको आरोप लागेको छ। शुक्रबार राति वीरगंजबाट आफ्नो घरतर्फ फर्किने क्रममा करिब ११ बजे वीरगंज–ठोरी हुलाकी सडकखण्डको एकडर्वा–लखनपुर पुलबीचमा यादवमाथि आक्रमणको प्रयास भएको बताइएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा घटनामा दुई जना व्यक्ति संलग्न रहेको जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ। घटनालगत्तै प्रहरीले एक जनालाई महुवनबाट नियन्त्रणमा लिएको बताइएको छ। आक्रमणको प्रयास किन र कुन उद्देश्यले गरिएको थियो भन्ने विषय भने अझै स्पष्ट हुन सकेको छैन । घटनामा संलग्न भनिएका अन्य व्यक्तिको पहिचानसमेत खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ।

घटनाको विषयमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय पोखरियाले जनाएको छ । प्रहरीले नियन्त्रणमा लिइएका व्यक्तिसँग सोधपुछ गर्नुका साथै घटनामा संलग्न अन्य व्यक्तिको खोजी गरिरहेको बताइएको छ।

## छोटी भन्सार खोल्न माग गर्दै तेस्रो...

हुँदा राज्यले प्राप्त गर्ने राजस्वसमेत गुमिरहेको दाबी गरेका छन् । वैधानिक रूपमा कारोबार गर्ने व्यवस्था नहुँदा अवैध ओसारपसार तथा राजस्व चुहावटको जोखिम बढ्ने भन्दै उनीहरूले नाका सञ्चालन गरी व्यवस्थित रूपमा भन्सार असुलीको व्यवस्था गर्नुपर्ने माग गरेका छन्। आन्दोलनकारीले गौर भन्सार कार्यालयको व्यवस्थापन तथा नाका सञ्चालनसम्बन्धी नीतिका कारण रामपुर खाप छोटी भन्सार बन्द भएको आरोपसमेत लगाएका छन् । उनीहरूका अनुसार नाका बन्द हुँदा वैधानिक व्यापार प्रभावित भएको मात्र होइन, सीमाक्षेत्रमा अवैध कारोबारलाई समेत बल पुग्ने अवस्था बनेको छ।

स्थानीयबासीले आफूहरूको माग कुनै व्यक्ति वा कार्यालयविरुद्ध नभएको स्पष्ट पार्दै सीमाक्षेत्रका नागरिकको सहज आवतजावत, वैधानिक व्यापार र राज्यको राजस्व सुनिश्चित गर्न छोटी भन्सार पुनः सञ्चालन गर्नुपर्ने बताएका छन् । तेस्रो दिनसम्म पनि सम्बन्धित निकायबाट माग सम्बोधन गर्ने ठोस निर्णय नआएको नेपाल सिमाना संघर्ष समितिले जनाएको छ। समितिले समस्या समाधानका लागि वार्ताको बाटो खुला रहेको जनाउँदै तत्काल छोटी भन्सार सञ्चालनको प्रक्रिया अघि बढाउन सरकारसँग माग गरेको छ।

समितिका अनुसार माग सम्बोधनका लागि यसअघि तय गरिएको समयसीमाभित्र सकारात्मक निर्णय नभए आगामी सोमबारदेखि आन्दोलनलाई थप कडा बनाउँदै अनिश्चितकालीन आमरण अनसन सुरु गरिनेछ । आन्दोलनकारीले आफूहरूको मागलाई निरन्तर बेवास्ता गरिए त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सम्बन्धित सरकारी निकायले लिनुपर्ने चेतावनी दिएका छन्। सीमावर्ती नागरिकले पनि छोटी भन्सारको विषयलाई केवल प्रशासनिक वा सुरक्षा सवालका रूपमा सीमित नगरी स्थानीयको दैनिकी, सीमापार आवतजावत, वैधानिक व्यापार र राजस्व संकलनसँग जोडेर समाधान खोज्न सरकारसँग आग्रह गरेका छन्।

रामपुर खाप छोटी भन्सार पुनः सञ्चालन गर्ने विषयमा सम्बन्धित प्रशासन तथा गौर भन्सार कार्यालयको औपचारिक धारणा भने सार्वजनिक भइसकेको छैन । आन्दोलन तेस्रो दिनसम्म लम्बिँदा अब प्रशासनले संवादमार्फत निकास निकाल्छ वा आन्दोलनकारी घोषणाअनुसार सोमबारदेखि आमरण अनसनमा जानेछन् भन्ने विषयले रामपुर खापको आन्दोलनको आगामी दिशा तय गर्ने देखिएको छ।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# १ हजार ११० परिवारलाई जग्गाधनी पुर्जा वितरण अभियान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा लामो समयदेखि जग्गाधनी पुर्जाविहीन रहेका परिवारलाई पुर्जा वितरण गर्ने अभियानलाई तीव्रता दिइएको छ
। नाप नक्सा सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै नापी कार्यालय धनुषाले पुर्जा वितरण अभियान अघि बढाएको हो । यसक्रममा शनिबार सबैला नगरपालिका–८, साविक ठिला यदुवा गाविसका ३८५ परिवारलाई जग्गाधनी पुर्जा वितरण गरिएको छ । नापी कार्यालयका अनुसार ती जग्गाको नाप नक्सा २०७८ सालमै सम्पन्न भएको थियो।
यसअघि भदौ महिनामा धनुषाका तीन स्थानीय तहका १ हजार ८५ परिवारलाई पुर्जा वितरण गर्ने योजना बनाइएको थियो।
तर सबैलामा ३८५ परिवारलाई पुर्जा वितरण भएपछि अद्यावधिक तथ्यांकअनुसार अब हंसपुर र क्षिरेश्वरनाथमा हुने वितरणसहित कुल १ हजार ११० परिवारले पुर्जा पाउने भएका छन् । नापी कार्यालयका अनुसार भदौ २९ गते हंसपुर नगरपालिका–५, साविक सुगा निकास गाविसका ३५० परिवारलाई पुर्जा वितरण गर्ने तयारी छ । त्यस्तै, भदौ ३१ गते क्षिरेश्वरनाथ नगरपालिका–१ र २, साविक रमदैया भवाडी गाविसका ३७५ परिवारलाई पुर्जा वितरण गर्ने कार्यक्रम छ।
नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले नाप नक्सा सम्पन्न भएका तर दर्ता प्रक्रिया बाँकी रहेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधानलाई प्राथमिकतामा राखिएको बताए।
उनका अनुसार नाप नक्सा सम्पन्न हुँदैमा मात्र जग्गाको स्वामित्व पूर्णरूपमा स्थापित हुँदैन । त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने भएकाले स्थानीयको सहभागिता, आवश्यक कागजात र कानुनी प्रक्रिया पूरा गराउँदै दर्ता तथा पुर्जा वितरणको काम अघि बढाइएको छ।
पुर्जा प्राप्त भएपछि वर्षौंदेखि जग्गाको स्वामित्वसम्बन्धी समस्या भोग्दै आएका परिवारलाई आफ्नो सम्पत्तिमाथिको कानुनी अधिकार सुनिश्चित गर्न सहज हुने नापी कार्यालयले जनाएको छ।

# अस्थायी दरबन्दीका स्वास्थ्यकर्मीलाई तत्काल अन्यत्र नखटाउन मधेश सरकारको निर्देशन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल अन्यत्र कामकाजमा नखटाउन स्वास्थ्य निकायलाई निर्देशन दिएको छ।
प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशअन्तर्गतका स्वास्थ्य संस्थालाई पत्राचार गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि अस्थायी दरबन्दी स्वीकृत नभएसम्म गत आर्थिक वर्षमा अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिलाई अन्य कार्यालयमा कामकाजमा खटाउने वा हाजिर गराउने कार्य नगर्न निर्देशन दिएको हो।
मन्त्रालयका अधिकृत सातौं वच्चे लाल साह तेलीले हस्ताक्षर गरेको पत्रमा २०८३ असार मसान्तसम्म अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई अन्यत्र कामकाजमा खटाउन तथा हाजिर गराउन रोक लगाइएको उल्लेख छ । प्रदेश मन्त्रिपरिषद्को २०८३ साउन २८ गतेको निर्णयअनुसार अस्थायी दरबन्दीसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न लागिएको मन्त्रालयले जनाएको छ । सोही निर्णयका आधारमा सम्बन्धित स्वास्थ्य निकायलाई निर्देशन कार्यान्वयन गर्न भनिएको हो।
निर्देशन प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय तथा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा पठाइएको छ।
मन्त्रालयले अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिको कामकाज तथा हाजिरीसम्बन्धी व्यवस्थामा एकरूपता कायम गर्न निर्देशन जारी गरिएको जनाएको छ । निर्देशनअनुसार अस्थायी दरबन्दीका चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल सम्बन्धित कार्यालयमै हाजिर गराउनुपर्नेछ।

# छोटी भन्सार खोल्न माग गर्दै तेस्रो दिन पनि धर्ना, सोमबारदेखि आमरण अनसनको चेतावनी




**मधेशदृष्टि**
**रौतहट।**
परोहा नगरपालिका–९ रामपुर खापमा लामो समयदेखि बन्द रहेको छोटी भन्सार कार्यालय तत्काल पुनः सञ्चालन गर्नुपर्ने मागसहित स्थानीयबासीले थालेको धर्ना तथा रिले अनसन तेस्रो दिन पनि जारी राखेका छन्। मागप्रति सरकारी निकाय गम्भीर नबने आन्दोलनलाई थप कडा बनाउने चेतावनी आन्दोलनकारीले दिएका छन् । नेपाल–भारत सीमासँग जोडिएको रामपुर खाप नाका वर्षौंदेखि स्थानीयको आवतजावत र दैनिक उपभोग्य सामग्रीको कारोबारको महत्वपूर्ण माध्यमका रूपमा प्रयोग हुँदै आएको स्थानीयको भनाइ छ। नाका बन्द भएपछि सीमावर्ती बासिन्दालाई भारततर्फ आउजाउ गर्नेदेखि दैनिक आवश्यक सामग्रीको कारोबार र जीविकोपार्जनसम्म प्रत्यक्ष असर परेको उनीहरूको दाबी छ।
नेपाल सिमाना संघर्ष समिति र स्थानीयबासीले छोटी भन्सार सञ्चालनका विषयमा विगतमा रौतहटका सम्बन्धित सरोकारवाला निकायसँग पटक–पटक मौखिक सहमति तथा समझदारी भए पनि त्यसको कार्यान्वयन हुन नसकेको बताएका छन्। पटक–पटक आश्वासन पाए पनि ठोस निर्णय नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको समितिको भनाइ छ । बुधबार धर्नास्थलमा रौतहटका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा गौर भन्सार कार्यालयका प्रमुख अनुगमन र छलफलका लागि पुगेका थिए । तर, समस्या समाधानतर्फ ठोस पहल गर्नुको साटो आफूहरूमाथि दबाब र धम्कीपूर्ण व्यवहार गरिएको आन्दोलनकारीहरूले आरोप लगाएका छन्।
आन्दोलनकारीका अनुसार सीमाक्षेत्रका नागरिकले भोगिरहेको समस्या र छोटी भन्सार पुनः सञ्चालनको मागबारे गम्भीर संवाद गर्नुपर्नेमा प्रशासनिक अधिकारीहरू कडा शैलीमा प्रस्तुत भएका थिए । सरकारी प्रतिनिधिबाटै मागलाई बेवास्ता गर्दै धम्क्याउने ढंगले कुरा भएको आरोप लगाएपछि आन्दोलनरत पक्ष थप आक्रोशित बनेको उनीहरूको भनाइ छ । नेपाल सिमाना संघर्ष समितिले रामपुर खापमा छोटी भन्सार कार्यालयको ऐतिहासिक पृष्ठभूमिसमेत रहेको दाबी गरेको छ। समितिका अनुसार विक्रम संवत् २००७ सालदेखि नै यस क्षेत्रमा छोटी भन्सार सञ्चालन हुँदै आएको थियो । लामो समयदेखि सञ्चालनमा रहेको नाका बन्द हुँदा यसको प्रत्यक्ष मार



सीमावर्ती नागरिकले खेप्नुपरेको समितिको तर्क छ।
स्थानीयबासीले छोटी भन्सार बन्द

*बाँकी पृष्ठ ३ मा*

# मन्त्रीको विद्यालय भ्रमणमै रास्वपाको आन्तरिक विवाद छताछुल्ल

## स्थानीय कमिटीलाई बेवास्ता गरी कार्यक्रम गरेको आरोप, सम्बोधन गर्न थालेपछि मन्त्री पोखरेललाई रोके नेताले



**मधेशदृष्टि**
**सिरहा।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको सिरहा भ्रमणका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको आन्तरिक विवाद सार्वजनिक रूपमा छताछुल्ल भएको छ।
स्थानीय पार्टी कमिटीलाई जानकारी र समन्वय नगरी मन्त्रीको विद्यालय भ्रमण तथा भेटघाट कार्यक्रम आयोजना गरिएको भन्दै स्थानीय नेताहरूले विरोध गरेपछि मन्त्री पोखरेलले कार्यक्रममै सम्बोधन गर्न पाएनन् । शनिबार सिरहाको औरही गाउँपालिकामा आयोजित कार्यक्रममा मन्त्री पोखरेल सम्बोधन गर्न अघि बढेपछि स्थानीय नेताहरूले विरोध जनाएका थिए । विरोध चर्किएपछि उनलाई बोल्नबाट रोकिएको र अन्ततः मन्त्री कार्यक्रमस्थलबाट बाहिरिएको बताइएको छ । घटनाले रास्वपाभित्र स्थानीय संगठन, निर्वाचित प्रतिनिधि र केन्द्रबीचको समन्वय कति कमजोर बन्दै गएको छ भन्ने प्रश्नसमेत उठाएको छ।
स्थानीय नेताहरूका अनुसार सिरहा क्षेत्र नम्बर–२ अन्तर्गतका विद्यालयमा मन्त्री पोखरेलको भ्रमण तथा भेटघाट कार्यक्रम स्थानीय पार्टी कमिटीसँग कुनै औपचारिक समन्वय नगरी आयोजना गरिएको थियो । रास्वपाका सहमहामन्त्रीसमेत रहेका सिरहा निवासी प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादव र प्रतिनिधिसभा सदस्य शिवशंकर यादवले स्थानीय संगठनलाई बेवास्ता गर्दै आफूखुसी कार्यक्रम सञ्चालन गरेको आरोप उनीहरूले लगाएका छन्।
स्थानीय कमिटीले प्रतिनिधिसभा सदस्यद्वयले पार्टीको सांगठनिक संरचनासँग समन्वय नगरी कार्यक्रम सञ्चालन गर्ने गरेको आरोपसमेत लगाएको छ । मन्त्रीजस्तो उच्च राजनीतिक जिम्मेवारीमा रहेका व्यक्तिको भ्रमणसमेत स्थानीय संगठनलाई जानकारी नदिई सञ्चालन गरिएपछि असन्तुष्ट नेताहरूले कार्यक्रममै विरोध जनाउनुपरेको उनीहरूको भनाइ छ।
मन्त्री पोखरेललाई सम्बोधन गर्न नदिइएको घटनाले रास्वपाभित्रको संगठनात्मक अनुशासन, अधिकार क्षेत्र र समन्वयको विषयलाई थप पेचिलो बनाएको छ । वैकल्पिक राजनीतिको नारा दिएर उदाएको रास्वपाभित्रै निर्वाचित सांसद र स्थानीय कमिटीबीच कार्यक्रम सञ्चालनको विषयमा सार्वजनिक रूपमा विवाद देखिनु पार्टीका लागि गम्भीर राजनीतिक सन्देशका रूपमा हेरिएको छ।
यता मन्त्री पोखरेलले भने मधेश प्रदेशको शैक्षिक अवस्था, पूर्वाधार र शिक्षाको गुणस्तर सुधारका विषयलाई प्राथमिकतामा राखेर सिरहा भ्रमण गरेका थिए। बिहीबार लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसको अनुगमन तथा निरीक्षण गर्दै उनले मधेश प्रदेशमा कृषि तथा इन्जिनियरिङ क्याम्पस सञ्चालनका लागि मन्त्रालयले सम्भाव्यता अध्ययन गरिरहेको बताएका थिए । उनका अनुसार जेएस मुरारका बहुमुखी क्याम्पसमा कृषि तथा इन्जिनियरिङ संकाय सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार पर्याप्त रहेको छ। क्याम्पसको विद्यमान संरचनालाई उपयोग गर्दै नयाँ संकाय सञ्चालन गर्न सकिने भन्दै राजर्षि जनक विश्वविद्यालयबाट सम्बन्धन लिएर कृषि र इन्जिनियरिङ शिक्षा सञ्चालनका लागि तत्काल पहल गर्ने उनले बताएका थिए।
मन्त्री पोखरेलले मधेश प्रदेशको शिक्षाको अवस्था कमजोर रहेको स्वीकार गर्दै शिक्षक, अभिभावक र विद्यार्थीसँग अन्तरसंवाद गरेर समस्या पहिचान तथा समाधान गर्ने उद्देश्यले आफू मधेश भ्रमणमा आएको बताएका थिए । शिक्षा क्षेत्रका समस्यालाई सम्बोधन गर्न शिक्षा ऐन ल्याउने तयारीसमेत भइरहेको उनको भनाइ थियो ।
मन्त्रीले लहान नगरपालिका–१४ स्थित श्री बस्तीपुर माध्यमिक विद्यालयको समेत अनुगमन गरेका थिए । २००४ सालमा स्थापना भएको उक्त विद्यालयको पुरानो साख फर्काउन समयअनुकूल विज्ञान तथा प्रविधियुक्त सुविधा सम्पन्न बनाउनुपर्ने उनले बताएका थिए।
सिरहा–१ का प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताको पहलमा क्षेत्रका पुराना विद्यालयलाई स्तरीकरण गर्ने काम अघि बढाइने मन्त्री पोखरेलले बताएका छन् । भगवानपुर गाउँपालिकास्थित हनुमान शारदा माध्यमिक विद्यालय, इनर्वा र लहान–१४ स्थित श्री बस्तीपुर माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखेर शैक्षिक सुधार अघि बढाउने योजना रहेको उनले जानकारी दिए । सांसद गुप्ताले आफ्नो निर्वाचन क्षेत्रको दक्षिणी भेगमा रहेका पुराना विद्यालयलाई स्तरीकरण गर्ने चुनावी प्रतिबद्धता पूरा गर्न आफू सक्रिय रहेको बताए। उनका अनुसार यी दुई विद्यालयपछि सखुवानन्कारकटि र लक्ष्मीपुर पतारी क्षेत्रमा समेत शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्ने योजना छ।
मन्त्रीको भ्रमणको घोषित उद्देश्य शिक्षामा सुधार, पूर्वाधार विस्तार र नयाँ शैक्षिक कार्यक्रमको सम्भाव्यता अध्ययन भए पनि औरहीको घटनाले भने रास्वपाको आन्तरिक संगठनात्मक व्यवस्थापनलाई नै बहसको केन्द्रमा ल्याइदिएको छ। विद्यालय सुधारको सन्देश बोकेर सिरहा पुगेका मन्त्री पोखरेलको कार्यक्रममै पार्टीभित्रको असन्तुष्टि विस्फोट हुनु रास्वपाका लागि आफैंभित्रको संगठन सुदृढीकरणतर्फ गम्भीर रूपमा फर्किनुपर्ने संकेत बनेको छ।

# अग्रगामी मोर्चा सत्ता ढाल्न होइन, देशलाई संकटबाट निकास दिन बनेको हो: प्रभु साह



**मधेशदृष्टि**
**जनकपुर।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले मुलुक यतिबेला राजनीतिक अस्थिरतासँगै आर्थिक, सामाजिक तथा प्राकृतिक संकटको चपेटामा परेको भन्दै त्यसबाट निकास दिन अग्रगामी मोर्चा निर्माण गरिएको बताएका छन् । जनकपुरमा आयोजित अग्रगामी मोर्चाको मधेस प्रदेशस्तरीय कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै साहले मोर्चाको उद्देश्य सरकार गिराउने वा सत्ता परिवर्तनको खेल खेल्नु नभएको स्पष्ट पारे।
उनका अनुसार मुलुकलाई संकटबाट जोगाउँदै नयाँ राजनीतिक निकास दिने उद्देश्यले मोर्चालाई अगाडि बढाइएको हो । साहले देशको समस्या केवल सरकार र सत्ताको दृष्टिकोणबाट हेरेर समाधान हुन नसक्ने बताए। राजनीतिक संकटसँगै आर्थिक तथा सामाजिक असन्तुलन, जलवायु परिवर्तन र प्राकृतिक विपत्तिले समेत मुलुकलाई गम्भीर चुनौतीतर्फ धकेलिरहेको उनको भनाइ थियो।
कार्यकर्तालाई सम्बोधन गर्ने क्रममा उनले भारतका पूर्वप्रधानमन्त्री अटलविहारी वाजपेयीको भनाइ उद्धृत गर्दै भने, 'छोटे मन से कोई बड़ा नहीं होता, टूटे मन से कोई खड़ा नहीं होता ।' उनले वर्तमान चुनौतीपूर्ण परिस्थितिमा संगठनभित्रको एकता, कार्यकर्ताको मनोबल र आपसी विश्वासलाई अझ मजबुत बनाउनुपर्नेमा जोड दिए । अग्रगामी मोर्चाको लक्ष्य देशलाई विभाजित होइन, जोड्ने रहेको साहले बताए। उनले विगतका उपलब्धिको संरक्षण गर्दै जनताले प्राप्त गर्न बाँकी अधिकार सुनिश्चित गर्ने, संकटबाट मुलुकलाई सुरक्षित निकाल्ने र नयाँ राजनीतिक बाटो निर्माण गर्ने मोर्चाको प्राथमिकता रहेको उल्लेख गरे। मोर्चामा सहभागी राजनीतिक नेतृत्व तथा शक्तिहरूको विगतको संघर्ष र योगदानको चर्चा गर्दै साहले उनीहरूले विभिन्न कालखण्डमा समाज तथा देशको राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । विगतमा अपनाइएका विकासका विभिन्न मोडलबाट प्राप्त सकारात्मक अनुभवलाई समेत वर्तमान संकट समाधानमा प्रयोग गर्नुपर्ने उनको धारणा थियो।
सरकारको गतिविधिमाथि टिप्पणी गर्दै साहले अग्रगामी मोर्चालाई सरकार ढाल्ने अभियानका रूपमा बुझ्न नहुने दोहो¥याए । 'हामी सरकार ढाल्नका लागि अग्रगामी मोर्चा बनाएका होइनौं,' उनले भने। उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही नेताहरू सरकार ढाल्ने खेलमा सक्रिय रहेको आरोप लगाउँदै सत्ता केन्द्रित राजनीतिक गतिविधिले जनताले भोगिरहेका वास्तविक समस्या समाधान गर्न नसक्ने दाबी गरे । साहले आगामी दिनमा मोर्चालाई देशव्यापी रूपमा थप सुदृढ बनाउँदै कार्यकर्ता र जनताबीचको सम्बन्ध मजबुत बनाउने अभियान सञ्चालन गरिने बताए। त्यसका लागि विचार, संगठन र संघर्षको तयारीलाई एकसाथ अघि बढाउनुपर्ने उनको भनाइ थियो।
मधेश प्रदेशमा आयोजित कार्यकर्ता भेला तथा प्रशिक्षणमार्फत संगठन विस्तार, कार्यकर्ताको क्षमता अभिवृद्धि र आगामी राजनीतिक संघर्षका लागि आवश्यक तयारीलाई तीव्र बनाइने साहले जानकारी दिए। मुलुकलाई वर्तमान बहुआयामिक संकटबाट बाहिर निकाल्न जनताको सहभागिता, राजनीतिक एकता र संगठित संघर्ष अपरिहार्य रहेको उनको निष्कर्ष थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन